कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कोहलपुर, बाँके

## लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०७९/०८०(भवन तथा बस्ती बिकास उप-शाखा)

च.नं. :-

मिति : २०७९/११/३०

### पुरानो घर नक्सा अभिलेखीकरण सम्बन्धी सूचना।

कोहलपुर नगरपालिकाको मिति २०७९/१०/१३ गते बसेको बाह्रौं नगर सभाको दोस्रो बैठकको निर्णय नं. ६ को (ठ) मा कोहलपुर नगरपालिकाका १५ वटै वडामा हालसम्म निर्मित संरचना (घर) को अभिलेखीकरण हुन बाँकी घरहरुको संख्या एकीन गर्न जिम्मा दिइएकोमा जुन वडाको विस्तृत विवरण प्राप्त हुन्छ, त्यति नै संख्याको लागि मात्र घरनक्सा अभिलेखीकरण हुने भनि उल्लेख भएकोले वडामा सूचिकृत भई प्राप्त विवरण बमोजिम अन्तिम पटकको लागि घरनक्सा अभिलेखीकरण गरिने हुँदा यस कार्यालयमा निवेदन दिई मिति २०८० असार मसान्त सम्ममा घरको नक्सापास गराई अभिलेखीकरण प्रमाण-पत्र प्राप्त गर्ने गरी आवश्यक प्रक्रिया अघि बढाउनुहुन यो सूचना प्रकाशन गरिएको छ।

नोट :

(१) ऐलानी, पर्ती, सरकारी तथा सार्वजनिक जग्गा र साविकको रझेना ७(क), ७(ख) हाल कोहलपुर नगरपालिका वडा नं. ६ मा रहेको जग्गामा निर्माण भएका भवन तथा अन्य संरचनाहरुको अभिलेखीकरण नहुने ।

(२) कुल राजस्वमा पच्चीस प्रतिशत (२५%) छुट हुने।

(३) वडामा सूचिकृत भई प्राप्त विवरण (घर) बाहेक अन्य घरहरुको अभिलेखीकरण नहुने।

(४) वडामा सूचिकृत हुन बाँकी घरहरुको सम्बन्धित घरधनीले चैत्र १५ गते भित्र आआफ्नो वडामा सम्पर्क गरी सूचिकृत गरिसक्नु पर्ने अन्यथा स्वयं आफै जिम्मेवार हुनु पर्ने।

११/३०

टिकाराम ढकाल

प्रमुख प्रशासकीय अधिकृत

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत